# बेनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी

गण्डकी प्रदेश, नेपाल

(बेनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेनी, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७३)

प.स.: २०८३/०८४
च.नं.:

## सडक मर्मत सम्भारका लागि कामदार छनौट सम्बन्धी सूचना !

**(प्रथम पटक प्रकाशित मितिः २०८३।०५।०४ गते)**

पूर्वाधार विकास कार्यालय, म्याग्दीको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत बेनी नगरपालिका क्षेत्र भित्रका तपसिलका सडकहरुमा सडक मर्मत सम्भार कार्य गर्न कामदार आवश्यक परेकोले सम्बन्धित सडक क्षेत्र पर्ने वडाका इच्छुक व्यक्तिले यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन (२०८३।०५।१० गते) भित्र कार्यालय समयमा तोकिएको ढाँचामा निवेदन पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

| क्र.सं. | विज्ञापन नं. | कामदारको विवरण | माग संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | २/०८३/०८४ | बेनी-भुताहा दैलो सडक खण्डको लागि सडक मर्मत सम्भार समूह/कामदारहरु | २ (दुई) | |
| २ | ३/०८३/०८४ | बेनी-तातोपानी-फापरखेत सडक खण्डका लागि सडक मर्मत सम्भार समूह/कामदारहरु | ५ (पाँच) | |

१. **आवश्यक न्युनतम योग्यता :** सडक मर्मत सम्भार गर्न शारीरिक र मानसिक रुपले सक्षम हुनुपर्ने, १८ वर्ष उमेर पूरा भई ६० वर्ष पुरा नभएको हुनुपर्ने तथा सडक खण्ड जोडिएको वडाको बासिन्दा हुनुपर्ने (बेनी-भुताहा दैलो सडक खण्डको लागि वडा नं. ६, ७ तथा ९ का बासिन्दा र बेनी-तातोपानी-फापरखेत सडक खण्डका लागि वडा नं. ४, ५, ६ र ७ का बासिन्दा)।

२. **दरखास्त दिने स्थान** : पूर्वाधार विकास शाखा, बेनी नगर कार्यपालिकाको कार्यालय, बेनी

३. **छनौट किसिम** : अन्तर्वार्ता

४. **आवेदक स्वयंले प्रमाणित गरी देहायका कागजातको प्रतिलिपि दरखास्तसाथ संलग्न गरी पेस गर्नुपर्नेछ।**
   - क) नेपाली नागरिकताको प्रतिलिपि
   - ख) शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि
   - ग) अनुभव तथा तालिमका प्रमाणपत्रहरुको प्रतिलिपि
   - घ) पासपोर्ट साईजको फोटो २ प्रति

५. **सेवा सुविधा** : नियमानुसार हुने।

६. **सम्बन्धित अन्य विषयः**
   - क) कामदार छनौट गर्दा शिक्षित, अनुभवी, बेरोजगारी, गरिब, महिला, दलित, जनजाती, पिछडिएका र बहिस्करणमा परेका समुदायका व्यक्ति तथा मर्मत गर्नुपर्ने सडक खण्ड नजिक बसोबास गर्ने बासिन्दालाई छनौटमा प्राथमिकता दिइनेछ।
   - ख) माथि उल्लिखित प्रत्येक सडक खण्डमा कम्तिमा ३३ प्रतिशत महिला तथा कम्तिमा ४० प्रतिशत दलित, जनजाती तथा अन्य पिछडिएका समुदायबाट छनौट गरिनेछ।

अर्जुन शर्मा
प्रमुख प्रशासकीय अधिकृत

फोन नं-०६९-५२१०९५/५२०१२०फ्याक्स नं. ०६९-५२१०९५वेबसाइटः www.benimun.gov.np
इमेलः info@benimun.gov.np, benimunicipality@gmail.com फेसबुकः www.facebook.com/beninagarpalika

ग) बेनी नगर कार्यपालिकाको कार्यालयले कामदारहरु छनौट गरी सिफारिस गरिनेछ भने सिफारिसका आधारमा कामदारहरुको नियुक्ती तथा परिचालन गर्ने कार्य पूर्वाधार विकास कार्यालय, म्याग्दीबाट हुनेछ।

घ) नियुक्ती भएका कामदारहरुलाई चालु आर्थिक वर्ष २०८३।८४ भर परिचालन गरिनेछ।

ङ) अन्य विषय गण्डकी प्रदेशको भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात व्यवस्था मन्त्रालयको सडक मर्मत समूह निर्देशिका बमोजिम हुनेछ।

च) दरखास्त फाराम बेनी नगर कार्यपालिकाको कार्यालय तथा नगरपालिकाको वेबसाइट www.benimun.gov.np बाट प्राप्त गर्न सकिनेछ।

छ) थप जानकारीका लागि बेनी नगरपालिकाको पूर्वाधार विकास शाखामा सम्पर्क गर्न सकिनेछ।

अर्जुन शर्मा
प्रमुख प्रशासकीय अधिकृत